**नगर कार्यपालिका बैठक नं. ३६**
**स्थानः ठूलीभेरी नगरपालिकाको सभाहल**
**मितिः २०८२।०९।१४**

आज मिति २०८२ साल पुष महिनाको १४ गते सोमबारका दिन यस ठूलीभेरी नगरपालिकाका नगर प्रमुख श्री श्वबर्ण कुमार बुढाज्यूको अध्यक्षतामा ३६ औं नगर कार्यपालिकाको बैठक बस्यो । आजको बैठकको उपस्थिति देहाय बमोजिम रहेको छ ।

उपस्थितिः

| | | | |
|---|---|---|---|
| (हस्ताक्षर) | श्वबर्ण कुमार बुढा | नगर प्रमुख | अध्यक्ष |
| (हस्ताक्षर) | छिरिङ टोल्मा महत | नगर उप-प्रमुख | सदस्य |
| (हस्ताक्षर) | तेजेन्द्र बहादुर रोकाया | वडाध्यक्ष वडा नं १ | सदस्य |
| (हस्ताक्षर) | कमल बहादुर क्षत्री | वडाध्यक्ष वडा नं २ | सदस्य |
| (हस्ताक्षर) | भक्त बहादुर भण्डारी | वडाध्यक्ष वडा नं ३ | सदस्य |
| (हस्ताक्षर) | जुद्ध बहादुर बुढा | वडाध्यक्ष वडा नं ४ | सदस्य |
| (हस्ताक्षर) | भीम बहादुर रोकाया | वडाध्यक्ष वडा नं ५ | सदस्य |
| | तेजेन्द्र कार्की | वडाध्यक्ष वडा नं ६ | सदस्य |
| | ध्रुवबिक्रम शाही | वडाध्यक्ष वडा नं ७ | सदस्य |
| (हस्ताक्षर) | मनराम ठकुल्ला | वडाध्यक्ष वडा नं ८ | सदस्य |
| (हस्ताक्षर) | सुवास कठायत | वडाध्यक्ष वडा नं ९ | सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| | हर्षरुप महत | वडाध्यक्ष वडा नं १० | सदस्य |
| | भद्र बहादुर कार्की | वडाध्यक्ष वडा नं ११ | सदस्य |
| | हैता रोकाया | कार्यपालिका सदस्य महिला | सदस्य |
| | कली भण्डारी | कार्यपालिका सदस्य महिला | सदस्य |
| | सरस्वती बुढा | कार्यपालिका सदस्य महिला | सदस्य |
| पुतली | पुतली देवी रोकाया | कार्यपालिका सदस्य महिला | सदस्य |
| | बिष्णु कुमारी डाँगी | कार्यपालिका सदस्य महिला | सदस्य |
| | दिलमाया वि.क. | कार्यपालिका सदस्य दलित | सदस्य |
| | प्रिती सार्की | कार्यपालिका सदस्य दलित | सदस्य |
| काजिमान | काजिमान वि.क. | कार्यपालिका सदस्य दलित | सदस्य |
| | राजन कुमार डाँगी | नि.प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | तुलचन्द्र बुढा | लेखापाल | |
| | देवि वि.क | F S | |
| | | | |

**नगर कार्पालिकाको बैठकका प्रस्तावनाहरु**

१ शान्ति सुरक्षा तथा चेकजाँच पोष्ट सम्बन्धमा ।

२ बजार व्यवस्थापन तथा सि सि क्यामेरा जडान सम्बन्धमा ।

३ वातावरणिय संरक्षण तथा कानुनी कारावाही सम्बन्धमा ।

४ बाल विवाह अन्त्यका लागी स्थानिय रणनिति पास सम्बन्धमा ।

५ इन्धन सेवा सुबिधा सम्बन्धमा ।

CS CamScanner

<u>निर्णयहरुः</u>

<u>निर्णय नं १</u>

प्रस्ताव नं १ माथि छलफल गर्दा गत पुस ३ गते सांझ ६ बजेको समयमा सुलिगार्ड स्थित संग्राम सादुल गुल्मको सुरक्षा चेक पोष्टमा सर्वसाधरण नागरिक माथि भएको दुर्व्यवहार र स्थानिय सवारी साधनहरुलाइ विना कारण दिएको सास्थीका विषयमा व्यापक जनगुनासो भएको र उक्त चेकपोष्ट ठूलीभेरी नगरपालिकाको कार्य क्षेत्र भित्र पर्ने भएको हुदाँ साथै नगरपालिका भित्र जुफाल कालागौडा र सरस्वति मन्दिर क्षेत्रमा रहेका चेक पोष्टहरु हुदाँहुदै पनि अनावश्यक खानतलासि र चेक जाँचले नागरिकलाइ असुबिधा पुगेको महसुस गरिएको छ । अतः उक्त स्थानमा संग्राम सादुल गुल्मको चेक पोष्टको आवश्यकता नरहेकोले सो चेक पोष्ट हटाउनको लागी सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं २</u>

प्रस्ताव नं २ माथि छलफल गर्दा ठूलीभेरी नगरपालिकाको मुख्य व्यपारिक केन्द्रहरु दुनै र जुफाल बजारको वातावरणीय सरसफाई र सुरक्षालाई मध्यनजर गर्दै नगरपालिकाको पूर्व सुचनाको ब्यवास्था गरि जथावाभि फोहोर फाल्ने र लापरर्वाही गर्ने कार्य भईरहेको पाईएकोले सोको प्रभावकारी निगरानिका लागी नगरपालिकाले सि सि क्यामेर जडान गर्ने र सो फुटेजको आधारमा जरिवाना गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ३</u>

प्रस्ताव नं ३ माथि छलफल गर्दा नगरपालिका क्षेत्र अन्तर्गत जुफाल र दुनैका बजार क्षेत्रमा उत्पादित फोहोरलाई लुकिछिपि भेरिनदिको किनारमा फाल्ने गरिएको कार्य प्रति गम्भिर ध्यानाकर्षण भएको छ यस्तो कार्य तत्काल बन्द गर्न यो निर्णय भएको मितिले १५ दिनको सार्वजनिक सुचना जारि गर्ने र सो अवधी भित्र सुधार नभएमा वा अटेर गरि नदिमा फोहोर फाल्ने ढल मिसाउने कार्य जारी राखेमा नगरपालिकाको ऐन

CamScanner

बमोजिम कडा कानुनि कारावाही गर्ने र सो कार्यलाई पूर्णतः निषेध गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथी छलफल गर्दा ठूलीभेरी नगरपालिका बाल विवाह अन्त्यका लागी स्थानिय रणनिति २०८२।०८३ देखि २०८६।०८७ सम्मलाई पास गर्ने भनि निर्णय गरियो ।

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथी छलफल गर्दा यस ठूलीभेरी नगरपालिका स्थानिय तहका वडा अध्यक्षहरुले पाउने इन्धन सेवा सुबिधा वापत मासिक २५ लिटरको दरले हुन आउने सुविधा मासिक पाउने सेवा सुविधासँगै समावेश गरी दिने भनि निर्णय गरियो ।

CamScanner